# सूचनाको हक कार्यान्वयन सम्बन्धी
# अनुगमन तथा समीक्षा प्रतिवेदन-२०८३

*"पारदर्शिता, उत्तरदायित्व र सुशासनको आधार :*
*सूचनाको हक"*

**तयार गर्ने**

**जिल्ला हुलाक कार्यालय,म्याग्दी**

**पेश गर्ने**

**जिल्ला अनुगमन इकाई,म्याग्दी /**

**जिल्ला प्रशासन कार्यालय,म्याग्दी**

आर्थिक वर्ष २०८२/०८३

## १. पृष्ठभूमि

नेपालको संविधानको धारा २७ ले प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हकलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। यसै संवैधानिक व्यवस्थालाई व्यावहारिक रूप दिन सूचनाको हक सम्बन्धी ऐन, २०६४ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन्। सार्वजनिक निकायहरूमा पारदर्शिता, उत्तरदायित्व र सुशासन प्रवर्द्धन गर्ने मुख्य जिम्मेवारी सहित म्याग्दी जिल्लाभित्रका स्थानीय तह (पालिका), सरकारी कार्यालय, शैक्षिक संस्थाहरूका साथै वित्तीय क्षेत्र (जस्तैः सरकारी बैंक तथा बचत र ऋण सहकारीहरू) र गैरसरकारी संस्थाहरू (NGOs) मा सूचनाको हकको कार्यान्वयन अवस्थाको अनुगमन तथा समीक्षा गर्ने कार्यक्षेत्र जिल्ला अनुगमन इकाईको रहेको छ।

सूचनाको हक केवल कानुनी दस्तावेजमा सीमित रहने विषय नभई यो लोकतन्त्रको प्राणवायु हो। यसलाई वित्तीय भ्रष्टाचार र राज्यस्तरमा हुने वित्तीय अनियमितता अर्थात् **White-collar crime (श्वेतवसन अपराध)** सँग लड्ने र जुध्ने प्रमुख आधार मानिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा १९ ले सूचनाको हकलाई नैसर्गिक मानव अधिकारको रूपमा परिभाषित गरेको छ भने नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (ICCPR), १९६६ ले समेत सूचना प्राप्तिको अधिकारलाई स्पष्ट रूपमा स्थापित गरेको छ। परम्परागत रूपमा 'ज्ञान नै शक्ति हो' भन्ने मान्यता रहेकोमा वर्तमान आधुनिक विश्वमा 'सूचना नै शक्ति हो' भन्ने तथ्य स्थापित भइसकेको छ, किनकि सूचना नै ज्ञानको वास्तविक स्रोत हो।

यसै सन्दर्भलाई मध्यनजर गर्दै, जिल्ला हुलाक कार्यालय म्याग्दी र जिल्ला अनुगमन इकाईद्वारा हालै सञ्चालित विभिन्न अनुगमन, समीक्षा बैठक तथा प्रमुख सार्वजनिक निकायहरूको स्थलगत अनुगमनबाट प्राप्त वास्तविक तथ्याङ्क तथा वस्तुस्थिति पहिचान गरी सुधारका व्यावहारिक उपायहरू पहिल्याउन यो प्रतिवेदन तयार पारिएको छ।

## २. सूचनाको हकको ऐतिहासिक विकासक्रम र कानुनी परिदृश्य

### २.१ विश्वव्यापी तथा क्षेत्रीय विकासक्रम

- **विश्व इतिहासको प्रारम्भ (स्वीडेनको कदम):** विश्वमा सर्वप्रथम **सन् १७६६ डिसेम्बर २ मा** स्वीडेनको संसद्ले *Swedish Freedom of the Printing Press Act* जारी गरेको थियो। यस कानुनले जनतालाई राज्यका काम कारबाहीबारे सोध्ने र जानकारी प्राप्त गर्ने अधिकार प्रदान गऱ्यो।
- **प्रेस र नागरिकको पहुँचः** सुरुवातमा यो कानुन प्रेसले राज्यका गतिविधिबारे खोजी गर्न पाउने गरी बनेको भए तापनि राज्यको सूचनामा प्रेस र जनता दुवैको पहुँचका दृष्टिले यसलाई महत्वपूर्ण मानिन्छ। मिडियाका लागि ल्याइएको सोही कानुनको प्रयोगबाट विश्वमै पहिलो पटक नागरिकले '**थाहा पाउने अधिकार**' को उपभोग गर्न पाएका थिए।

- **फ्रान्सको अभ्यासः** तत्पश्चात् **सन् १७८९ मा** फ्रान्समा 'थाहा पाउने अधिकार का रूपमा सूचनाको हकसम्बन्धी अभ्यास भएको देखिन्छ।
- **संयुक्त राष्ट्रसङ्घ (UN) को भूमिकाः** *UN General Assembly Resolution 59 (1)* ले सूचनाको स्वतन्त्रतालाई आधारभूत अधिकारको रूपमा स्वीकार गऱ्यो। त्यसपछि **मानव अधिकारको विश्वव्यापी घोषणापत्रको आर्टिकल १९** मा समेत सूचनाको हकलाई समेटियो।
- **प्रमुख क्षेत्र तथा मुलुकहरूमा अवलम्बनः** सूचनाको हकसम्बन्धी कानुनलाई **संयुक्त राज्य अमेरिकामा सन् १९६६ मा** र **युरोपमा सन् १९८१ मा** अवलम्बन गरिएको पाइन्छ।
- **UNESCO को दृष्टिकोण र अनुगमनः** *UNESCO* ले सूचनाको हकलाई आधारभूत अधिकार तथा ज्ञानमा आधारित समावेशी समाज निर्माणको आधारस्तम्भको रूपमा लिएको छ। साथै, UNESCO ले विश्वभर सूचनाको हक सम्बन्धी कानुनी व्यवस्थाको अभ्यास तथा कार्यान्वयन अवस्थाको अनुगमन समेत गर्ने गर्दछ।
- **दिगो विकास लक्ष्य (SDG):** सूचनाको हक दिगो विकास लक्ष्यको **सूचक नम्बर १६.१०.२** मा समेत समेटिएको छ।
- **वर्तमान वैश्विक उपस्थितिः** हाल संयुक्त राष्ट्रसङ्घका **१३५ सदस्य राष्ट्रहरूले** संवैधानिक तथा नीतिगत व्यवस्था मार्फत सूचनामा आफ्ना नागरिकको पहुँच सुनिश्चित गरिसकेका छन्।

## २.२ नेपालको विद्यमान कानुनी तथा नीतिगत व्यवस्थाहरू

नेपालमा सूचनाको हक, खुलापन र पारदर्शिता सुनिश्चित गर्न बहुआयामिक कानुनी र नीतिगत ढाँचाहरू क्रियाशील छन्:

- **संवैधानिक व्यवस्थाः** नेपालको संविधान (धारा २७ - सूचनाको हक, धारा २८ - गोपनीयताको हक)
- **विशेष ऐन तथा नियमः** सूचनाको हक सम्बन्धी ऐन, २०६४ र नियमावली, २०६५
- **सुशासन र वित्तीय उत्तरदायित्वः** सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६
- **अभिलेख तथा प्रकाशनः** अभिलेख संरक्षण ऐन, २०४६ र नेपाल छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८
- **डिजिटल तथा सूचना प्रविधिः** विद्युतीय कारोबार ऐन, २०६३, राष्ट्रिय ब्रोडब्यान्ड नीति, २०७१, र सूचना तथा सञ्चार प्रविधि नीति, २०७२
- नीतिगत दस्तावेजः राष्ट्रिय आमसञ्चार नीति, २०७३ र सरकारी लिखतको गोपनीयता कायम गर्ने सम्बन्धी ऐन, २०३९

## २.३ संस्थागत संयन्त्रहरू

- **संसदीय निगरानी:** सङ्घीय संसदको सुशासन तथा राज्य व्यवस्था समिति
- **नियामक निकाय:** राष्ट्रिय सूचना आयोग (RTI कार्यान्वयनको विशिष्टीकृत र सर्वोच्च निकाय)
- **प्राविधिक तथा तथ्याङ्क सहयोग:** राष्ट्रिय तथ्याङ्क कार्यालय र राष्ट्रिय सूचना प्रविधि केन्द्र
- **सञ्चार तथा नागरिक समाज:** प्रेस काउन्सिल नेपाल र नेपाल पत्रकार महासङ्घ
- **कार्यालयीय संयन्त्र:** सार्वजनिक निकायहरूमा नागरिक बडापत्र, हेल्प डेस्क, सूचना पाटी, र प्रवक्ता/सूचना अधिकारीको व्यवस्था
- **बजार अनुगमन तथा उपभोक्ता हित:** निजी क्षेत्र तथा पसलहरूमा उपभोक्ता हितका लागि मूल्य सूचीको अनिवार्य व्यवस्था
- **नागरिक गुनासो सुनुवाइ:** प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत सञ्चालित **'हेलो सरकार'** कार्यक्रम

## ३. अनुगमनका उद्देश्यहरू

म्याग्दी जिल्ला भित्र क्रियाशील रहेका विभिन्न सार्वजनिक तथा सरोकारवाला निकायहरूमा सूचनाको हक सम्बन्धी कानुनी प्रावधानहरूको पालनाको अवस्था विश्लेषण गर्नु यस अनुगमनको मुख्य उद्देश्य हो। यसका विशिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन्:

१. सार्वजनिक निकायहरूमा सूचना अधिकारी तोकिएको स्थिति र निजहरूको सम्पर्क विवरण सार्वजनिक भए/नभएको पहिचान गर्ने।
२. सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(१) बमोजिम प्रत्येक ३/३ महिनामा गर्नुपर्ने **२० बुँदे विवरण स्वतः प्रकाशन (Proactive Disclosure)** को अवस्था जाँच गर्ने।
३. नागरिक बडापत्र, डिजिटल डिस्प्ले, आधिकारिक वेबसाइट तथा सूचना पाटीको अद्यावधिक स्थिति मूल्याङ्कन गर्ने।
४. सूचना माग र प्रवाहको अवस्था, दर्ता-चलानी र अभिलेख व्यवस्थापन (RTI Register) को वस्तुस्थिति पहिचान गर्ने।
५. पहाडी तथा दुर्गम भौगोलिक अवस्था भएका म्याग्दीका स्थानीय तहहरूमा नागरिकको सूचना पहुँचको स्तर मापन गर्ने।
६. पहिचान गरिएका समस्या तथा प्रणालीगत अवरोधहरूलाई सम्बोधन गर्न व्यावहारिक र समयसीमा सहितको कार्ययोजना (Action Plan) निर्माण गर्ने।

## ४. सञ्चालित प्रवर्द्धनात्मक कार्यक्रमहरू

जिल्लाभित्र सूचनाको हक सम्बन्धी संस्थागत क्षमता सुदृढीकरणका लागि जिल्ला हुलाक कार्यालय र जिल्ला अनुगमन इकाइबाट आर्थिक वर्ष २०८२/८३ मा सञ्चालन गरिएका मुख्य कार्यक्रमहरूको विवरण निम्नबमोजिम रहेको छ:

**तालिका नं. १: सञ्चालित कार्यक्रमहरूको विवरण**

| क्र.सं. | कार्यक्रमको प्रकार | कार्यक्रमको नाम | सञ्चालन गर्ने निकाय | लक्षित समूह |
|---|---|---|---|---|
| १ | अनुगमन | सूचनाको हक कार्यान्वयन सम्बन्धी अनुगमन | जिल्ला अनुगमन इकाइ | प्रमुख सार्वजनिक निकायहरू |
| २ | बैठक | सूचना अधिकारीहरूको मासिक बैठक | जिल्ला प्रशासन कार्यालय | जिल्लास्थित सूचना अधिकारीहरू |
| ३ | अन्तरक्रिया | पालिका कार्यालयहरुसँग अन्तरक्रिया | जिल्ला अनुगमन इकाइ/जिल्ला हुलाक कार्यालय | जनप्रतिनिधि तथा कर्मचारीहरू |

## ५. अनुगमनबाट प्राप्त मुख्य निष्कर्ष तथा क्षेत्रगत विश्लेषण

### ५.१ सूचना अधिकारीको नियुक्ति र व्यवस्थापनको अवस्था

अनुगमन गरिएका म्याग्दी जिल्लाका प्रमुख सार्वजनिक निकायहरूमा सूचना अधिकारीको नियुक्ति भएको र सर्वसाधारणको जानकारीका लागि सम्पर्क नम्बर र इमेल ठेगाना सार्वजनिक गरिएको पाइएको छ। विस्तृत विवरण देहाय बमोजिम रहेको छ:

**तालिका नं. २: जिल्लास्थित सूचना अधिकारीको विवरण (स्थलगत अनुगमन गरी प्राप्त गरिएका)**

| सि.नं. | कार्यालयको नाम | सूचना अधिकारीको नाम | मोबाइल नं. | इ-मेल |
|---|---|---|---|---|
| १ | म्याग्दी जिल्ला अदालत | श्री डिल्लिराज पौडेल | ९८४६०५७०३० | info@supremecourt.gov.np |
| २ | जिल्ला प्रशासन कार्यालय | श्री कुलप्रसाद आचार्य | ९८५७६२४२३३ | dao.myagdi@gmail.com |
| ३. | जिल्ला समन्वय समिति | श्री अमृत सुवेदी | ९८५७६५९२२२ | info.dccmyagdi@gmail.com |
| ४ | जिल्ला सरकारी वकील का. | अरुण सापकोटा | ९८५७६२१२१६ | dgao.myagdi@ag.gov.np |
| ५ | कोष तथा लेखा नियन्त्रक का. | श्री मिन बहादुर बानिया | ९८५७६५५२५५ | baniyanirs@gmail.com |
| ६ | बेनी नगरपालिकाको कार्यालय | श्री युवराज थापा | ९८५७६७९१११ | suchanaadikari@benimungov.np |
| ७ | जिल्ला प्रहरी कार्यालय | श्री सागर तिमिल्सिना | ९८५७६७५६६६ | avoidcorr98@gmail.com |

| | | | | |
|---|---|---|---|---|
| ८ | डिभिजन वन कार्यालय | श्री विनय बहादुर अधिकारी खत्री | ९८५७६२६१३५ | mgddfo@gmail.com |
| ९ | जलस्रोत तथा सिं. वि. डि. का. | श्री शिवसंकर शाह | ९८५७८२८२२५ | idsdmyagdi@gmail.com |
| १० | कृषि विकास कार्यालय, म्याग्दी | श्री गणेश बानियाँ | ९८५७६२१६३० | baniyaganesh12@gmail.com |
| ११ | पूर्वाधार विकास कार्यालय | श्री रविन चोखाल | ९८५७६४०२९७ | idomygdi@gmail.com |
| १२ | प्रदेश जनस्वास्थ्य कार्यालय | श्री गणेश सुवेदी | ९८५७६५५२७४ | subediganesh2074@gmail.com |
| १३ | प्रदेश अस्पताल, बेनी | झरना श्रेष्ठ | ९८५७६७७१९८ | jharana4sherestha@gmail.com |
| १४ | जिल्ला निर्वाचन कार्यालय | श्री गोविन्द बहादुर थापा मगर | ९८५७६२२८४४ | sandeshmyagdi@gmail.com |
| १५ | भूमी प्रशासन कार्यालय | श्री विश्व रोका मगर | ९७६५६१६८७८ | myagdi@dolma.gov.np |
| १६ | जिल्ला हुलाक कार्यालय | श्री कलादेवी शर्मा रिजाल | ९८५७६६८२२२ | districtpostoffice3322@gmail.com |
| १७ | कारागार कार्यालय | श्री दिपंकर प्रसाद चौरासिया | ९८२४२८४८५६ | myagdi.it@dopm.gov.np |
| १८ | भेटेरीनरी अ. तथा प. से.का. | श्री सुवाष रेग्मी | ९८५७६२८१३२ | subhasuregmi@539gmail.com |
| १९ | प्रदेश आयुर्वेद चिकित्सालय | श्री दामोदर शर्मा | ९८५७६२२२७३ | ayurvedmyagdi@gmail.com |
| २० | नापी कार्यालय | श्री नारायण प्रसाद पौडेल | ९८४७७९२७२७ | myagdinapibeni@gmail.com |
| २१ | एकीकृत सेवा कार्यालय | श्री सागर सुवेदी | ९८५७६३३१६२ | isomyagdi@gmail.com |
| २२ | अन्नपूर्ण गाउँकार्यपालिकाको कार्यालय | श्री पर्विन पोखेल | ९८५७६८३८१७ | prabin.pokhrel2049@gmail.com |
| २३ | रघुगंगा गाउँकार्यपालिको कार्यालय | श्री अर्जुन गौतम | ९८५७६४१९८५ | raghugangapa1@gmail.com |
| २४ | मालिका गाउँकार्यपालिकाको कार्यालय | श्री अशोक रिजाल | ९८४७७९०५८७ | asuakrijal99@gmail.com |
| २५ | मंगला गाउँकार्यपालिका कार्यालय | सुदर्शन पौडेल | ९८५७६४२९४२ | apmmangala2082@gmail.com |
| २६ | धवलागिरी गा.पा. कार्यालय | हरिहर पनेरु | ९८५६०५०६१४ | harira.paneru27@gmail.com |
| २७ | राष्ट्रिय वाणिज्य बैंक | श्री शिसिरकुमार हमाल | ९८४१७९२७१६ | shishirhamal@rbb.com.np |
| २८ | नेपाल बैंक लिमिटेड | श्री विकास आचार्य | ९८५७६७६३३३ | bikash.acharya@nepalbank.com.np |
| २९ | कृषि विकास बैंक | श्री आशिष पौडेल | ९८५१३१९४६६ | pdl.ashish92@gmail.com |
| ३० | नेपाल विद्युत प्राधिकरण | प्रकाश झा | ९७४६५७४१०८ | myagdi@nea.org.np |

## ५.२ सूचनाको स्वतः प्रकाशन (Proactive Disclosure) र प्रचार-प्रसारको माध्यम

ऐनको दफा ५(३) बमोजिम प्रत्येक ३/३ महिनामा सम्पादन गरेका कामकारबाहीहरूको २० बुँदे स्वतः प्रकाशन गर्नुपर्ने कानुनी व्यवस्थाको कार्यान्वयन स्थिति जिल्लाका कार्यालयहरूमा सन्तोषजनक रहेको छ। कार्यालयहरूमा फ्लेक्स, वेबसाइट र नेमप्लेटको प्रयोग व्यापक पाइए तापनि नागरिक बडापत्रको डिजिटल

वा आधुनिक माध्यममा रूपान्तरण गर्न बाँकी देखिएको छ। अनुगमन गरिएका नमूना कार्यालयहरूको अवस्था निम्नबमोजिम छः

**तालिका नं. ३ः स्वतः प्रकाशन तथा माध्यमको उपलब्धता**

| क्र.सं. | कार्यालयको नाम | फ्लेक्स माध्यम | वेबसाइट उपलब्धता | नागरिक बडापत्र |
|---|---|---|---|---|
| १ | पूर्वाधार विकास कार्यालय, म्याग्दी | छ | छ | छ |
| २ | जिल्ला समन्वय समिति, म्याग्दी | छ | छ | छ |
| ३ | खानेपानी जलस्रोत तथा सिँचाइ विकास कार्यालय | छ | छ | छ |
| ४ | बेनी नगरपालिका, म्याग्दी | छ | छ | छ |
| ५ | रघुगंगा गाउँकार्यपालिको कार्यालय | छ | छ | छ |
| ६ | जलस्रोत तथा सिं. वि. डि. का. | छ | छ | छ |
| ७ | कृषि विकास कार्यालय, म्याग्दी | छ | छ | छ |
| ८ | कारागार कार्यालय | छ | छ | छ |
| ९ | डिभिजन वन कार्यालय | छ | छ | छ |
| १० | नापी कार्यालय | छ | छ | छ |
| ११ | कोष तथा लेखा नियन्त्रक कार्यालय | छ | छ | छ |
| १२ | नेपाल बैंक लिमिटेड बेनी शाखा | छ | छ | छ |

## ५.३ सूचना माग र जवाफदेहिताको अवस्था (Information Requests & Responsiveness)

जिल्लाका केही निकायहरूमा नागरिक स्तरबाट प्राप्त भएका सूचना माग र त्यसको सम्बोधन अवधिको वास्तविक तथ्याङ्क निम्नबमोजिम रहेको छः

**तालिका नं. ४ः सूचना माग र प्रवाहको समीक्षा**

| क्र.सं. | कार्यालय/निकाय | सूचना माग स्थिति | माग भएको विषय | निवेदन संख्या | सूचना प्रवाहको स्थिति | सम्बोधन अवधि |
|---|---|---|---|---|---|---|
| १ | पूर्वाधार विकास कार्यालय | भएको | बेनी दरवाङ सडकको प्रगतिको बारेमा | १ | दिएको | २ दिन भित्र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | जिल्ला समन्वय समिति | नभएको | - | - | - | - |
| ३ | खानेपानी जलस्रोत डिभिजन | नभएको | - | - | - | - |
| ४ | बेनी नगरपालिका | भएको | योजना तथा कार्यक्रम र विद्यालयको विवरण | २ | दिएको | १ हप्ता भित्र |
| ५ | मालिका गाउँपालिका | भएको | अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयन | १ | दिएको | १ दिन भित्र |

### ५.४ क्षेत्रगत विस्तृत विश्लेषण

१. **सरकारी कार्यालय र स्थानीय तहः** सरकारी कार्यालय र पालिकाहरूमा सूचना अधिकारी तोक्ने र विवरण फ्लेक्स वा वेबसाइटमा राख्ने कार्य सन्तोषजनक रूपमा सुरु भएको देखिन्छ। पालिकाहरूमा नागरिकको प्रत्यक्ष सरोकार रहने हुनाले सूचना मागको चासो उच्च छ। तर, वडा स्तरसम्म सूचना अधिकारीको नेटवर्क र स्वतः प्रकाशनको संस्थागत संरचना सुदृढ गर्नुपर्ने छ।

२. **शैक्षिक संस्थाहरू (क्याम्पस तथा विद्यालयहरू):** अनिवार्य तथा निःशुल्क शिक्षा ऐन कार्यान्वयनका सन्दर्भमा केही विद्यालयहरूले बजेट र छात्रवृत्ति विवरण सार्वजनिक गर्ने  गरेको र विद्यालय/क्याम्पसहरूमा सूचना अधिकारी तोक्ने अभ्यास लाई थप प्रभावकारी बनाउने ।

३. **वित्तीय तथा गैरसरकारी संस्थाहरू:** सरकारी बैंकहरूमा केन्द्रीय परिपत्र अनुसार सूचना अधिकारी तोकिएको भए पनि स्थानीय स्तरमा सञ्चालित बचत तथा ऋण सहकारी संस्थाहरू र साना गैरसरकारी संस्थाहरू (NGOs) मा सूचनाको हक सम्बन्धी कानुनी चेतना अभिवृद्धि गर्नुपर्ने देखिएको छ।  यस्ता कतिपय संस्थाहरूमा हालसम्म सूचना अधिकारी समेत तोकिएको छैन। परिणामस्वरुप, साधारण सभाको प्रतिवेदन बाहेक सर्वसाधारण नागरिकले मागेको बखत वित्तीय कारोबार, लगानीका विवरण तथा संस्थागत सूचनाहरू सहजै उपलब्ध गराउने प्रणाली वा संरचना विकास गर्न आवश्यक देखिएको छ ।

## ६. अनुगमनमा देखिएका मुख्य समस्या, चुनौती तथा प्रणालीगत अवरोधहरू

### ६.१ संरचनागत तथा व्यवस्थापकीय समस्याहरू

- **विशिष्टीकृत तालिमको अभावः** अनुगमन गरिएका सबै कार्यालयहरुका सूचना अधिकारीहरूले यससम्बन्धी कुनै पनि तालिम नलिएकाले कानुनी र प्राविधिक स्पष्टताको कमी देखिन्छ। निजहरूमा नियमित पदीय कार्यबोझ बढी हुनु अर्को मुख्य चुनौती देखिएको छ ।
- **अभिलेख व्यवस्थापन र सूचना शाखाको अभावः** कार्यालयहरूमा सूचनाको हक सम्बन्धी कार्य सम्पादन गर्न छुट्टै 'सूचना शाखा' को व्यवस्था नहुनु र सूचना माग तथा प्रवाहको विशिष्टीकृत दर्ता, चलानी र अभिलेख खाता (RTI Register) व्यवस्थित नगरिनु।
- **सूचना अधिकारीको पहुँचको सीमाः** धेरैजसो सार्वजनिक निकायहरूमा सूचना अधिकारी तोकिए तापनि स्वयं सूचना अधिकारीलाई नै संस्थाका रणनीतिक र महत्त्वपूर्ण निर्णय तथा सूचनाहरूमा सहज पहुँच नहुने स्थिति विद्यमान छ।

## ६.२ नीतिगत तथा वित्तीय चुनौतीहरू

- **नीति तथा कार्यक्रममा प्राथमिकताको कमीः** सार्वजनिक निकायहरूको वार्षिक नीति, बजेट तथा कार्यक्रममा सूचनाको हक प्रवर्द्धन सम्बन्धी लक्षित कार्यक्रमहरू र आवश्यक बजेट विनियोजन समावेश हुन नसक्नु।
- **जवाफदेहिता र नियमनको कमीः** ऐन बमोजिम ३/३ महिनामा स्वतः प्रकाशन नगर्ने वा सूचना अधिकारी नतोक्ने निकायहरूलाई थप उत्तरदायी बनाउन नसक्नु ।

## ६.३ सांस्कृतिक तथा व्यावहारिक समस्याहरू (Cloak of Secrecy)

- **गोप्यतावादी संस्कारको निरन्तरताः** सार्वजनिक पदाधिकारीहरूमा अझै पनि औपनिवेशिक जोड्ने कालीन गोपनीयताको संस्कृति (Cloak of Secrecy) कायम छ। सरकारी लिखतको गोप्यता कायम गर्ने सम्बन्धी ऐन, २०३९ र सार्वजनिक पद धारण गर्दा लिइने गोपनीयताको शपथले सूचना लुकाउने प्रवृत्तिलाई अप्रत्यक्ष प्रश्रय दिएको देखिन्छ।
- **दायित्व बोधको कमीः** संस्थागत विद्यालय, गैसस एवम सहकारीहरूले आफूलाई 'सार्वजनिक निकाय' का रूपमा पूर्ण रूपमा आत्मसात गर्न नसक्दा सूचना अधिकारी तोक्ने र विवरण सार्वजनिक गर्ने कार्यलाई प्राथमिकतामा राखेका छैनन्।
- **नकारात्मक कार्यशैली र आंशिक सूचना प्रवाहः** नागरिकले सूचना माग गर्दा अल्झाउने, आंशिक वा तोडमोड गरेर सूचना दिने, र मागकर्तालाई शङ्कास्पद दृष्टिकोणले हेर्ने नकारात्मक प्रवृत्ति कर्मचारीतन्त्रमा अझै कायमै छ।
- **Silo Mentality (सञ्चारहीनता):** सरकारी निकायहरू बीच नै एकआपसमा सूचना र जानकारी आदानप्रदान गर्ने प्रणाली कमजोर छ, जसले गर्दा अन्तर-कार्यालय समन्वयमा गम्भीर असर परेको छ।

## ६.४ प्राविधिक तथा जनसाङ्ख्यिक चुनौतीहरू

- **प्रविधिको परम्परागत र त्रुटिपूर्ण उपयोगः** नागरिक बडापत्र अझै पनि परम्परागत स्वरूपमै रहनु र आधुनिक डिजिटल बडापत्र (Digital Citizen Charter) मा रूपान्तरण हुन नसक्नु।
- **धरातलीय यथार्थ र डिजिटल अन्तर (Digital Divide):** जिल्लाको धेरै जसो जनसङ्ख्या अझै पनि डिजिटल प्रविधिमा अभ्यस्त छैनन्।

## ७. राष्ट्रिय सूचना आयोगको दृष्टिकोण र सिफारिसहरूको सान्दर्भिकता

राष्ट्रिय सूचना आयोगद्वारा जारी गरिएको विभिन्न प्रतिवेदनहरू तथा RTI Audit Report को निष्कर्ष अनुसार म्याग्दी जिल्लाको सुधार प्रक्रियालाई राष्ट्रिय मार्गचित्रसँग जोड्न देहायका पक्षहरूमा ध्यान दिनु आवश्यक देखिन्छ:

१. **संवैधानिक र कानुनी परिमार्जनः** वर्तमान संविधानको धारा २७ मा रहेको 'आफ्नो वा सार्वजनिक सरोकारको' भन्ने वाक्यांशले सूचनाको दायरा संकुचित गर्न सक्ने भएकाले यसमा समसामयिक संशोधन आवश्यक छ। साथै ऐन र नियमावलीमा प्रादेशिक संरचना अनुकूल परिमार्जन गरिनुपर्छ।

२. **प्रादेशिक संरचना र अम्बुड्सम्यानः** प्रदेश स्तरमा प्रादेशिक सूचना आयोग गठन हुनुपर्ने र सो नहुञ्जेल जिल्ला हुलाक कार्यालयहरूलाई नै जिम्मेवार बनाइनुपर्छ। जिल्लाका सबै ६ वटा स्थानीय तहहरूमा RTI अम्बुड्सम्यान खडा गरी स्थानीय गुनासो सुनुवाइ गरिनुपर्छ।

३. **कर्मचारी शपथ र छाप प्रथाको अन्त्यः** कर्मचारीको शपथबाट 'गोपनीय' शब्द हटाई 'पारदर्शिताको शपथ' लागू गरिनुपर्छ। सरकारी कागजातमा परम्परागत रूपमा लगाइने 'गोप्य' वा 'अति गोप्य' छाप लगाउने प्रथा खारेज गरी वैज्ञानिक वर्गीकरण सुरु गरिनुपर्छ।

४. **RTI बजेट र खुला तथ्याङ्कः** 'RTI Budget' को अवधारणा बमोजिम प्रत्येक विकास कार्यक्रमको कुल बजेटको निश्चित अंश सूचना प्रवाहका लागि छुट्याउने प्रणाली आरम्भ गरिनुपर्छ ।

## ८. सिफारिस तथा व्यावहारिक सुधारका उपायहरू

१. जिल्लास्थित सार्वजनिक निकायमा सूचना माग गरेको विवरण तथा सूचना दिएको वा दिन इन्कार गरेको विवरणको छुट्टाछुट्टै अभिलेख राख्ने व्यवस्थाको प्रभावकारी रुपमा कार्यान्वयन गर्न छुट्टै सूचना दर्ता-चलानी किताब लगायतको व्यवस्था अनिवार्य रुपमा गरिनुपर्दछ ।

२. सबै सार्वजनिक निकायहरुले लिखित रुपमा सूचना अधिकारीलाई नियुक्ति पत्र दिने, सूचना अधिकारीको विवरण फ्लेक्स, नेम प्लेट, वेबसाइट, नागरिक बडापत्रमा अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

३. जिल्लामा उत्कृष्ट कार्य सम्पादन गर्ने सूचना अधिकारीलाई वार्षिक रुपमा जिल्ला अनुगमन इकाईले सम्मान गर्ने व्यवस्था मिलाउने ।जिल्ला अनुगमन इकाईले जिल्ला स्तरमा तथा प्रत्येक स्थानीय तहको संयोजनमा स्थानीय स्तरमा हरेक वर्ष भदौ ३ गतेलाई राष्ट्रिय सूचना दिवसको रुपमा मनाउनुपर्ने व्यवस्थालाई अनिवार्य रुपमा कार्यान्वयन गरिनुपर्दछ ।

४. सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन एवं राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने सम्वेदनशील सूचनाको संरक्षण गर्न सूचना अधिकारी तथा कार्यालय प्रमुख सजग र संवेदनशील रहनुपर्छ ।

५. प्रत्येक सार्वजनिक निकायले आफ्नो बेवसाइटको अग्र पृष्ठ(Home Page) मा नै सूचना अधिकारी र गुनासो सुन्ने अधिकारीको विवरण राख्ने तथा परम्परागत नागरिक वडापत्रलाई डिजिटल र बहुभाषिक गराई आम नागरिकको पहुँचमा पुर्याउने व्यवस्था अनिवार्य रुपमा गरिनुपर्दछ ।

६. सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्वको निर्माण कार्य भैरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमूना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्र मार्फत प्राप्त गर्ने नागरिकको अधिकारलाई छिटो, छरितो एवं सहज रुपमा सुनिश्चित गर्नुपर्छ ।

७. सार्वजनिक शान्ति सुव्यवस्थामा गम्भीर खलल पार्ने, अपराध अनुसन्धान तथा अभियोजनमा प्रत्यक्ष असर पार्ने, आर्थिक गोपनीयतामा आघात पार्ने, सम्प्रदायिक सुम्बन्धमा खलल पार्ने एवं व्यक्तिगत गोपनियता तथा सुरक्षामा खतरा पुर्याउने लगायतका विषय सम्बन्धी सूचना प्रवाह प्रवाह नगर्ने व्यवस्थाको कडाईका साथ कार्यान्वयन गरी सूचनाको संरक्षण गरिनुपर्दछ ।

८. प्रत्येक सार्वजनिक निकायले सूचना वर्गीकरण र अद्यावधिक गरी सार्वजनिक गर्ने व्यवस्था मिलाउनुपर्दछ । साथै सूचना अधिकारी सहित सम्वद्ध आफ्ना कर्मचारीको लागि उपयुक्त तालिम र प्रशिक्षणको व्यवस्था मिलाउने वातावरण सवै सार्वजनिक निकायले सुनिश्चित गरिनुपर्दछ ।

९. सार्वजनिक निकायले निकायबाट प्रदान गरिने सेवा, निर्णय गर्ने प्रक्रिया र अधिकारी, सम्पादन गरेको कामको विवरण, आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्वन्धी अद्यावधिक विवरण लगायतको विषय समावेश गरिएको स्वत: प्रकाशन Pro-active disclosure प्रत्येक तीन महिनामा अद्यावधिक गरी प्रकाशन गर्ने र सोको एक प्रति सूचनाको हक कार्यान्वयनको अनुगमन गर्ने जिल्ला स्तरीय अनुगमन इकाईको सचिवालय जिल्ला हुलाक कार्यालयमा पठाउने र सोको एकीकृत विवरण जिल्ला हुलाक कार्यालयले तयार गरी प्रकाशन गर्नुपर्दछ ।

१०. सूचना प्राप्त गर्ने कार्यविधि, सूचना बापत लाग्ने दस्तुर, उजुरी दिने प्रक्रिया, सूचनाको संरक्षण तथा सूचनाको दूरुपयोग रोक्ने लगायतका विषयमा सूचना अधिकारीहरु सक्षमता प्रदान गर्न जिल्ला अनुगमन

इकाई र सम्वन्धित सार्वजनिक निकायहरुले नियमित रुपमा अभिमुखीकरण तथा प्रशिक्षण गराउनुपर्दछ ।

११. सार्वजनिक निकायमा भएको वा भैरहेको वा हुन सक्ने प्रचलित कानून बमोजिम अपराध मानिने कुनै कार्यको सूचना दिने सूचनादाताको संरक्षण गर्न जिल्ला सुरक्षा समिति एवं सम्वन्धित सार्वजनिक निकायको प्रमुखले निजलाई सुरक्षाको प्रत्याभूति दिलाउनुपर्ने ।

१२. सूचना प्रवाह गर्दा नेपाली भाषाको अलवा अन्य राष्ट्रिय भाषा र आमसंचार माध्यमको उपयोग गर्नुपर्छ । म्याग्दी जिल्लाको हकमा मगर, नेवारी लगायतका बहुभाषामा नागरिक वडापत्र तयार तथा प्रकाशन गर्दा नागरिकहरुमा सेवा प्रवाह प्रति चासो र जानकारी भई सूचना प्रणाली प्रभावकारी हुन्छ ।

१३. सूचना प्रवाह गर्ने प्रयोजनका लागि कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको सूचना नियमित रुपमा सूचना अधिकारीलाई उपलव्ध हुने व्यवस्थाका लागि छुट्टै सूचना शाखाको व्यवस्था अनिवार्य रुपमा गरिनुपर्दछ ।

१४. सूचनाको हक सम्वन्धी ऐनको प्रावधान सूचना अधिकारी एक्लैले मात्र बुझेर समग्र सार्वजनिक निकायको काम कारबाहीलाई खुला र पारदर्शी तुल्याउन सकिन्न । यसर्थ, हरेक सार्वजनिक निकायले कम्तीमा त्रैमासिक रुपमा सवै कर्मचारीलाई एकै स्थानमा भेला गराई सूचनाको हक र सो सम्वन्धमा आफ्नो निकायले निर्वाह गरी आएको भूमिकाको समीक्षात्मक अन्तरक्रिया गर्ने परिपाटीको विकास गरिनुपर्दछ ।

१५. जिल्ला सदरमुकाम तथा सार्वजनिक स्थलहरुमा सूचना अधिकारीहरुको एकीकृत नामावली र सम्पर्क नम्वर भएको ठूलो होडिङ बोर्डहरु स्थापना गरिनुपर्दछ । प्रारम्भिक चरणमा जिल्ला स्थित कार्यालयहरुको एकीकृत विवरण जिल्ला प्रशासन कार्यालय तथा स्थानीय तहहरु मध्ये वेनी नगरपालिकाले आफ्नो मातहतका निकायहरुको सूचना अधिकारीहरुको एकीकृत विवरण भएको होडिङ बोर्डको व्यवस्था मिलाउने र क्रमश: अन्य स्थानीय तहहरुले समेत यस प्रकारको अभ्यास गरिनुपर्दछ

१६. उपरोक्तानुसारका सुझावहरुको कार्यान्वयनका लागि म्याग्दी जिल्लामा सम्पूर्ण सार्वजनिक निकायहरुलाई जिल्ला हुलाक कार्यालय मार्फत पत्राचार गरी सोको कार्यान्वयनको निरन्तर रुपमा Follow up गर्ने व्यवस्था मिलाउने व्यवस्था सुनिश्चित गर्ने ।

## ९. सूचनाको हक कार्यान्वयन सम्बन्धी एकीकृत रणनीतिक कार्ययोजना

अनुगमनबाट प्राप्त निष्कर्ष, प्रविधिको परम्परागत उपयोग, तालिमको गम्भीर अभाव र नागरिकको बदलिँदो डिजिटल आवश्यकतालाई मध्यनजर गर्दै म्याग्दी जिल्लाभित्रका सम्पूर्ण सार्वजनिक निकायहरूका लागि आगामी एक वर्षभित्र कार्यान्वयन गर्ने गरी देहाय बमोजिमको रणनीतिक कार्ययोजना प्रस्ताव गरिएको छ:

तालिका नं. ५: प्रस्तावित रणनीतिक कार्ययोजना (आ.व. २०८३/८४)

| क्र.सं. | रणनीतिक क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित प्रतिफल |
|---|---|---|---|---|---|
| १ | सूचना अधिकारी क्षमता विकास तथा विशेष RTI तालिम सञ्चालन | जिल्लाका सबै पालिका, सरकारी कार्यालय, शैक्षिक संस्था र वित्तीय संस्थाहरू | जिल्ला अनुगमन इकाई / जिल्ला हुलाक कार्यालय म्याग्दी | प्रथम त्रैमासिक (साउन-असोज) | शतप्रतिशत निकायमा सूचना अधिकारी तोकिने र निजहरू कानुनी तथा प्राविधिक रूपमा सक्षम हुने। |
| २ | दफा ५ बमोजिमको स्वतः प्रकाशन (२० बुँदे विवरण) | पालिका, शैक्षिक संस्था र जिल्लास्थित गैरसरकारी संस्थाहरू (NGOs) | जिल्ला अनुगमन इकाई / जिल्ला हुलाक कार्यालय म्याग्दी | प्रत्येक ३/३ महिनामा (नियमित) | सबै सार्वजनिक वेबसाइटहरूमा अनिवार्य रूपमा नेपाली भाषामा त्रैमासिक प्रतिवेदन अद्यावधिक हुने। |
| ३ | विद्यालय तथा क्याम्पसहरूमा "कानुनी साक्षरता तथा सूचनाको हक" सचेतना अभियान | माध्यमिक विद्यालय तथा सामुदायिक क्याम्पसहरू | जिल्ला अनुगमन इकाई / जिल्ला हुलाक कार्यालय म्याग्दी | तेस्रो त्रैमासिक (माघ-चैत) | विद्यार्थीहरूमा सूचना माग गर्ने, भ्रष्टाचार विरुद्ध आवाज उठाउने र नागरिक निगरानी राख्ने संस्कृतिको विकास हुने। |

## १०. निष्कर्ष

म्याग्दी जिल्लामा सूचनाको हक कार्यान्वयनको संस्थागत संरचना (सूचना अधिकारीको नियुक्ति र प्रारम्भिक सूचना प्रवाह) को सुरुवात सन्तोषजनक रहे तापनि गुणात्मक, कानुनी, व्यावहारिक र प्राविधिक पक्षमा सुधारको खाँचो देखिन्छ। परम्परागत गोपनीयताको संस्कृति (Cloak of Secrecy) लाई चिर्दै खुलापन र पारदर्शिता प्रवर्द्धन गर्न जिल्लाका सबै सरोकारवालाहरूले आ-आफ्नो क्षेत्रबाट जिम्मेवार भूमिका निर्वाह गर्नुपर्ने आवश्यक रहेको छ। यसका लागि आगामी दिनमा सूचना अधिकारीहरूको क्षमता विकास, डिजिटल अभिलेख व्यवस्थापन, शैक्षिक तथा सहकारी क्षेत्रमा कानुनी दायित्वको बोध, र नागरिक बडापत्रको डिजिटल रूपान्तरणमा जोड दिँदै प्रतिवेदनमा प्रस्तावित सुझाव एवम एकीकृत रणनीतिक कार्ययोजनालाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याउनु अपरिहार्य देखिन्छ।